
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ४ गते बिहीबार ❑ 21 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–


## संविधान कार्यान्वयनको विकल्प नभएको वक्ताहरुको जोड

### शासकीय आयामको सुधारमा गण्डकी प्रदेश क्रियाशील छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

असोज ३ अर्थात संविधान दिवस । यस अवसरमा दशै भरी यो दिवस मनाइएको छ। यसैबिच, गण्डकी प्रदेशको राजधानी पोखरामा पनि विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनाइएको छ।

गण्डकी प्रदेश सरकार मुल समारोह समितिको आयोजनामा आज पोखरामा झाँकी सहितको र्‍याली एवं एक समारोहका बिच संविधान दिवस मनाइएको हो।

कार्यक्रममा बोल्ने वक्ताहरुले नेपालको ऐतिहासिक संविधान भएको उल्लेख गर्दै यसको कार्यान्वयनको विकल्प नभएकोमा जोड दिनु भएको थियो । जनताद्धारा निर्वाचित जनप्रतिनिधिहरुले दुई पटक लगायर २०७२ सालमा विश्वकै नमुना संविधान बनाएकोले अब त्यसलाई कार्यान्वयन नगर्नुको विकल्प नभएको वक्ताहरुको भनाई थियो। गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्बीमान गुरुङले सुशासन कायम गर्दै शान्ति प्रकृया टुंगोमा पुर्‍याउन नसकेमा परिवर्तन बिरोधीले चलखेल गर्ने मौका पाउने बताए। गण्डकी प्रदेश सरकार मुल समारोह समितिले बुधबार



पोखरामा आयोजना गरेको संविधान दिवस २०८० को कार्यक्रममा सम्बोधन गर्दै उहाँले सुशासन विकास समृद्धि प्राप्तीको लागि संविधानको व्यवहारिक कार्यान्वयनमा ध्यान दिन जरुरी रहेको उल्लखे गरे ।स्वदेशमै नै रोजगारको अवसर सृजना गर्नको लागि शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई लगायतका क्षेत्रमा व्यापक र दुरगामी महत्वका कार्यक्रमहरु संचालन गर्न आवश्यक भएको प्रदेश प्रमुख गुरुङले बताए।

उक्त कार्यक्रममा प्रदेशका सभामुख कृष्ण धितालले संविधानाको विकल्प नभएको बताउदै समय सापेक्ष संसोधन गर्नुपर्नेमा जोड दिए । निवर्तमान मुख्य मन्त्री एवं प्रमुख प्रतिपक्ष दलका नेता खगराज अधिकारीले आफुहरु अग्नीपरिक्षामा होमीनु पर्ने बताउदै वीर शहिदको रगतले लेखिए संविधानको टिप्पर्णी गर्ने कसैलाई छुट नभएको बताए । उनले संविधान प्रति कटिबद्ध सबै कटिवद्ध हुनु पर्नेमा जोड दिए । पोखरा महानगरका मेयर धनराज आचार्यले जनआन्दोलनबाट २०७२ सालमा प्राप्त संविधान, उत्कृष्ट संविधान भएको दाबी गरे । शिक्षा विधेयकमा केही संसोधन गर्नुपर्ने उनको भनाई थियो । असोज ३ अर्थात संविधान दिवस यस अवसरमा गण्डकी प्रदेशको राजधानि पोखरामा पनि विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनाइएको प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले बताइन् । उक्त अवसरमा पोखरामा झाँकी सहितको र्‍याली प्रर्दशन गरिएको थियो। उक्त समारोहका प्रमुख अतिथी गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्बीमान गुरुङलाई ब्याण्ड बाजा सहित स्वागत तथा नेपाल प्रहरीले सलामी समेत दिएको थियो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव बद्रीनाथ अधिकारीले बताए । उक्त अवसरमा गण्डकी प्रज्ञा प्रतिष्ठान, जोजिज्यू म्युजिक सेन्टर(स्कुल) का कलाकारको प्रस्तुति रहेको थियो। पोखराको शहिदचोकबाट सुरू भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संविधान दिवसमा एमाले गण्डकीको 'संचारकर्मीसँग नेकपा (एमाले)' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज



संविधान दिवसको सन्दर्भमा नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीले बुधबार "संचारकर्मीसंग नेकपा (एमाले) "कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा पार्टी सचिब तथा गण्डकी प्रदेश इन्चार्ज गोकर्ण बिष्टले संविधानप्रती बितृष्णा फैलाउने तत्वको सक्रियता बढेको भन्दै ब्यबस्थालाई नै असफल बनाउन हुने हर षडयन्त्रलाई परास्त गर्न राजनीतिक दलहरू एकताबद्ध हुनुपर्ने उल्लेख गर्नु भयो।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन संविधानले ब्यबस्था गरेका आधारभुत अधिकारको पूर्ण प्रत्याभूति जनतालाइ दिलाउनु पर्ने बताउनुभयो।संविधानका सम्पूर्ण अधिकारको निर्बाध प्रयोग गर्दै नागरिकहरू पनि राज्यप्रती जिम्मेवार र जबाफदेही हुनु पर्ने बिष्टको भनाइ थियो।नेपालको संविधान धेरै दृस्टीकोणले उत्कृष्ट भएको भन्दै संविधानको कार्यान्वयन गराउने काम सरकारको भएको र सरकारको जिम्मेवारी सम्हालेका पात्रहरू चनाखो हुनुपर्ने बताउनुभयो । अहिले नै संविधान संसोधनको बिषय निरर्थक हो बिष्टले उल्लेख गर्नुभयो।

पार्टी स्थायी कमिटी सदस्य किरण गुरुङले संविधान पूर्ण कार्यान्वयनको दिशामा देश अगाडि बढेको भन्दै अब दृढतापूर्बक संविधान कार्यान्वयनमा लाग्नु पर्ने उल्लेख गर्नुभयो । त्यसैगरी स्थायी कमिटी सदस्य खगराज अधिकारीले संविधान निर्माणका क्रममा देखिएका कमि कमजोरी हटाउदै अगाडि बढ्नुपर्ने भन्दै संविधान धेरै ठूलो बलिदानिले आएको उल्लेख गर्नुभयो। संविधान क्रमशः सबल बनाउनुपर्ने अधिकारीको भनाइ थियो।संविधानको कार्यान्वयन गर्ने पात्रहरूका कमजोरीहरू सुधार्नु पर्ने भन्दै अधिकारीले सुशासन कायम गर्न बर्तमान संविधान सबल भएको बताउनु भयो। प्रदेश कमिटी अध्यक्ष नवराज शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन प्रदेश कमिटीका उप-सचिब एबम प्रचार तथा प्रकाशन बिभाग प्रमुख रशिम आचार्यले गर्नुभएको थियो । कास्कीका विभिन्न संचार माध्यममा कार्यरत संचारकर्मीहरूको उपस्थिति रहेको सो कार्यक्रममा गण्डकी प्रदेश सरकारले संसदमा पेश गरेको आम संचार बिधेयक, गण्डकीको पत्रकारिता, संचारकर्मीका समस्या र समाधानका लागि एमालेले खेल्न सक्ने भूमिकाको बारेमा छलफल भएको गण्डकी प्रदेश प्रचार तथा प्रसार बिभाग सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिनुभयो।

## महाधिवेशनमा परिवारका सदस्यले साथ दिएको भए सफलता मिल्ने थियो : नेता डा शेखर

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीको १४औं महाधिवेशनमा परिवारका अन्य सदस्यले सहयोग गरेको भए अहिलेको परिणाम नआउने बताउनुभएको छ।

कांग्रेसको केन्द्रीय कार्यालय बिपी नगरमा आयोजित बिपी साहित्य महोत्सवको तेस्रो दिनको कार्यक्रममा 'परिवारले बुझेको बिपी' विषयक अन्तरसंवादमा उहाँले पार्टीको नेतृत्व लिने कुरा सबै परिवारकै सदस्यमा मात्र भर नपर्ने भन्दै देशभरका कार्यकर्ताको भावना र सुझावबमोजिम नै आफूले पार्टीको १४औं महाधिवेशनमा प्रतिस्पर्धा गरेर सम्मान पाएको बताउनुभयो । नेता कोइरालाले बिपीले लिएको राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा ▶▶


## हार्दिक बधाई



**श्री महेश गुरुङ**

यस **फेवा बचत तथा ऋण सहकारी संस्था लि.** जिरो कि.मी. पोखरा–५ का शेयर सदस्य एवं सल्लाहाकार नयाँगाउँ पोखरा–१५ निवासी समाजसेवी रामबजार सोसाइटी यू.के.का बरिष्ठ सल्लाहाकार आदरणीय **महेश गुरुङज्यू**लाई साहरा क्लब पोखराको रजत महोत्सवको अबसरमा आयोजित सम्मान कार्यक्रममा खेलकुद क्षेत्रमा पुऱ्याउनु भएको कार्यको उच्च मूल्याङ्कन गर्दै **साहरा खेलकुद अवार्ड - २०८०** बाट सम्मानित हुनुभएकोमा अझ समाज सेवामा लाग्ने शक्ति र प्रेरणा मिलोस भनी **हार्दिक बधाई** एवं सफलताको शुभकामना ब्यक्त गर्दछौं ।

**क्या. चन्द्र प्रसाद गुरुङ**
**अध्यक्ष एवं**
**फेवा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**जिरो कि. मि., पोखरा-५, कास्की**


## आर्थिक विकासले मात्र प्रजातान्त्रिक प्रणालीको स्थायित्व सम्भव छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ३ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आर्थिक क्षेत्रको विकासले मात्र प्रजातन्त्रको स्थायित्व सम्भव हुने बताउनुभएको छ। उहाँले नागरिकको जीवनस्तर उकास्नभोकमरी विरुद्धको अभियान र प्रजातन्त्रको दिगो विकासका लागि बेरोजगारी न्यूनीकरण अपरिहार्य भएको उल्लेख गर्नुभयो।

संयुक्त राष्ट्रसङ्घको ७८औं महासभामा भाग लिन न्यूयोर्क आउनुभएका प्रधानमन्त्री दाहालले अमेरिकी विदेशमन्त्री एन्थोनी ब्लिङ्केन र अमेरिकी सहयोग नियोग (युएसएआइडी) का प्रमुख प्रशासक सामन्था पावरले आयोजना गर्नुभएको 'डेमोक्रेसी डेलिभर्स' विषयक सम्मेलनलाई सम्बोधन गर्दैभन्नुभयो, "नेपालको इतिहास नागरिकको सङ्घर्ष र योगदानका आधारमा निर्मित छ, यस्तो सङ्घर्ष स्वतन्त्रता, न्यायिक अधिकार, समानता र सशक्तीकरणका लागि भएको थियो।" नेपालले

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनताले प्रत्यक्ष अनुभुत हुने खालको काम गर्न चाहन्छु -वडा अध्यक्ष लामिछाने

पोखरापत्र संवाददाता
पोखरा, ३ असोज

पोखरा महानगरपालिका २८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछानेले जनताले प्रत्यक्ष अनुभुत हुने खालको विकास निर्माणको काम गर्न चाहेको बताएका छन् ।

पोखरा महानगरपालिका २८ कालिकामा निर्माण भएको गैराथर सिल्पा सडकको उदघाटन गर्दै वडा अध्यक्ष लामिछानेले भने महानगरपालिका भए पनि पोखरा २८ को अधिकांस भाग भुगोलको हिसावले विकट रहेकोले ग्रामीण क्षेत्रको विकासको मूल आधार भनेकै सडक सञ्जाल भएको संकेत गर्दै हरेक विकास निर्माणमा स्थानीयले चासो दिनुपर्ने बताए ।



वडा अध्यक्ष लामिछानेले पोखरा २८ को ऐतिहासिकता बुझ्न नयाँ पुस्तालाई आग्रह गर्दै पोखरा २८ मा कृषि र पर्यटनको प्रचूर सम्भावना भएको बताउदै यसमा राज्यले पनि बिशेष चासो दिनुपर्ने बताए । पोखरा महानगरपालिका २८ की वडा सदस्य डाल्डादेवी भुजेलले सामाजिक काम गर्न निकै गारो रहेको बताउदै यसमा सवै आ-आफ्नो ठाउबाट सयोग गर्न आग्रह गरीन । वडा सदस्य विरेन्द्र भण्डारीले पोखरा २८ को विकासमा गैराथर सिल्पा सडकले विशेष महत्व राख्ने बताए । सडक निर्माण अनुगमन समितिका संयोजक विश्वरमण अधिकारीले बाटो निर्माणमा सयोग गर्ने सम्पुर्णलाई धन्यवाद दिएका थिए । गैराथर सिल्पा सडक निर्माण समिति अध्यक्ष वालाकृष्ण त्रिपाठीले सबै सरोकारवालाको सहयोगबाट बाटो निर्माण सम्पन्न गरिएको भन्दै सडक स्तरोन्नति गरी बाह्रै महिना संचालन हुने कुरामा आफु ढुक्क रहेको बताए ।

गैराथर सिल्पा सडक निर्माण समितिकी सचिव विष्णु सुवेदीले सन्चालन गरेको उक्त कार्यक्रममा पोखरा महानगरपालिका २८ का विभिन योजनाका समितिहरु समेत गठन गरीएको थियो । करीव २०३ मिटर लम्वाई ढलान गरीएको गैराथर सिल्पा सडक पोखरा महानगरपालिकाबाट विनोजीत २०,००००० विस लाख तथा उपभोक्ता समितिबाट २,४४,०२७ गरी २२,४४,०२७ निर्माण सम्पनन भएको थियो ।

## महाधिवेशनमा ...

मेलमिलापको नीति अहिले पनि सान्दर्भिक भएको उल्लेख गर्नुभयो । नेता कोइरालाले आफूहरू कोइराला परिवारका सदस्यलाई सधैं साथमा लिएर हिँड्न चाहेको भन्दै आगामी दिनमा मिलेरै जाने भनेर डा शशाङ्क कोइराला र सुजाता कोइरालाले भनेको कुरामा आफू विश्वस्त भएको बताउनुभयो । कांग्रेसका पूर्वमहामन्त्री तथा बिपी पुत्र डा शशाङ्क कोइरालाले पार्टीका कार्यकर्ताको सुझावबमोजिम आफू चल्ने गरेको बताउँदै १४ औं महाधिवेशनमै आफू सभापतिमा उम्मेदवार बन्न खोजेको उल्लेख गर्नुभयो । आफू १५औं महाधिवेशनमा समेत सभापतिको आकाङ्क्षी रहेको उहाँले जानकारी गराउनुभयो । आफू राजनीतिमा लागेसँगै २०६४ सालमा नवलपरासीबाट निर्वाचन लडेको प्रसङ्गमा डा शशाङ्कले भन्नुभयो, “मैले चार पटक जितेँ, मन्त्री भएको छैन । तर जितेँ ।” उहाँले कांग्रेसका लागि आफूहरू एकै ठाउँमा उभिनुपर्नेमा जोड दिनुभयो । नेता डा शशाङ्क कोइरालाले परिवार मिलाउन नसक्ने मान्छेले यत्रो पार्टी र सरकार कसरी मिलाउन सक्छ भनेर बिपीले आफूहरूलाई भन्ने गरेको घटना स्मरण गर्नुभयो । पूर्वउपप्रधानमन्त्री तथा कांग्रेस नेत्री सुजाता कोइरालाले कांग्रेसका केही जिल्लाका कार्यकर्ताले दलितसँग सँगै बसेर खाना नखाएको घटनाबाट आफू दुखित भएको बताउनुभयो । उहाँले आफ्नो परिवारमा त्यस्तो विभेद कहिल्यै गर्ने नगरेको भन्दै कार्यकर्तालाई केन्द्रविन्दुमा राखेर काम गर्न पार्टीका युवा महामन्त्रीसँग आह्वान गर्नुभयो ।

## आर्थिक...

२००७ सालमा सम्पन्न गरेको जहानियाँ राणाशासन र २०४६ सालको प्रजातन्त्रको लडाईंको स्मरण गर्दै उहाँले भन्नुभयो, “नेपालको इतिहास जहानियाँ शासनविरुद्धको आन्दोलन सन् १९५० देखि सुरु भएको हो । त्यो सन् १९९० मा थप सशक्तरूपमा देखापरेको थियो ।”

प्रधानमन्त्री दाहालले नेपालमा १० वर्ष लामो सशस्त्र विद्रोह सन् १९९६ देखि २००६ सम्म जारी रहेको र नागरिकको भद्र आन्दोलन सन् २००६ मा सम्पन्न भएर राजाको प्रत्यक्ष शासनलाई अन्त्य गरेको बताउनुभयो । “हामीप्रजातान्त्रिक र समावेशी संविधान २०७२ मा जारी गर्न सफल भएका छौँ । यो हाम्रा लागि कोसेढुङ्गा सावित भएको छ”, उहाँले भन्नुभयो । प्रधानमन्त्री दाहालले २०७२ सालको संविधानले आवधिक निर्वाचन, शक्ति पृथकीकरण, सन्तुलित समाज, स्वतन्त्र न्यायपालिका, मानवअधिकारको संरक्षण र सम्वर्द्धन तथा नागरिकका मूलभूत अधिकारजस्ता विषय निर्दिष्ट गरेको स्पष्ट पार्नुभयो । उहाँले स्वतन्त्र प्रेस, समावेशी सहभागिता, व्यक्तिगत अधिकार, सामाजिक न्याय, कानूनी राजजस्ता विषय संविधानको मुख्य विशेषता भएको उल्लेख गर्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, “नेपालले पूर्णरूपमा समावेशी, सहभागितामूलक सिद्धान्तमा आधारित समाज निर्माणका लागि पूर्ण प्रतिबद्धता जाहेर गरेको छ । नेपालको संविधानले महिला, अल्पसङ्ख्यक र समावेशी सहभागितालाई महत्त्वपूर्ण अधिकार दिएको छ ।” “नेपालले गत वर्ष सम्पन्न गरेको स्थानीय तहको निर्वाचनमा ४१ प्रतिशत महिला निर्वाचित गराउन सफल भएको छ । यसैगरी हामीले संवैधानिकरूपमा नै सङ्घ र प्रदेशको सभामा ३३ प्रतिशत महिलाको सहभागितालाई सुनिश्चित गरेका छौँ । नेपालले निर्वाचनमा जनताको सहभागिता वृद्धि गराउँदै स्वतन्त्र र स्वच्छ निर्वाचनको वातावरण निर्माणमा सुधारलाई निरन्तरता दिँदै आएको छ”, प्रधानमन्त्रीले आफ्नो सम्बोधनका क्रममा भन्नुभयो । उहाँले नेपालको शान्ति प्रक्रिया आन्तरिक घरेलु वातावरणमा र नमूनाका रूपमा मात्र अगाडि बढेको नभई राजनीतिक विषयमा पनि एउटा सफलताको कथा हो भन्नुभयो । “विश्वमा दुर्लभरूपमा देखिने राजनीतिक कोर्षअन्तर्गत नेपालले सशस्त्र द्वन्द्वलाई समाधान गरेर राजनीतिक व्यवस्थापन गर्न सफल भएको छ र निर्वाचित प्रतिनिधिहरूद्वारा समावेशी संविधान निर्माण गरिएको छ । यस अवस्थामा मैले अवश्य नै स्मरण गर्नुपर्ने हुन्छ, अमेरिकालगायतका मित्रराष्ट्रहरू र सहयोग नियोगले गरेको सहयोग र ऐक्यबद्धताप्रति आभारी छौँ”, प्रधानमन्त्रीले भन्नुभयो ।

सङ्क्रमणकालीन न्यायलाई व्यवस्थापन गर्नका लागि द्वन्द्वपीडित सेन्टर स्थापनाको पहलकदमी गर्दै आएको उहाँको भनाइ थियो ।उहाँले आर्थिक रूपान्तरणको प्रक्रिया अहिले नेपालको प्राथमिकतामा रहेको बताउनुभयो । “नेपाल निजी क्षेत्रको सशक्तीकरण गर्दै लगानीमैत्री वातावरण निर्माण गर्न सदैव तत्पर छ । यसमा हाम्रो नीति, नियम र कानूनले लगानीकोसुनिश्चतता गरेको छ”, उहाँले भन्नुभयो ।

आर्थिक विकासका लागि जलविद्युत् विकास महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै प्रधानमन्त्रीले यसको प्रतिफलले दक्षिण एशियाली क्षेत्रमा नै स्वच्छ ऊर्जाको विस्तारमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । जलवायु परिवर्तनको असरबारे चर्चा गर्दै उहाँले भन्नुभयो, “नेपालले पेरिस सम्झौताको अक्षरशः पालना गर्दै आएको छ । सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन लक्ष्य हासिल गर्न हामी तयार छौँ । नेपालको २५ प्रतिशत भूभाग जङ्गल रहने प्रतिबद्धता पूरा गर्छौं ।” अल्पविकसित देश भएर पनि नेपालले विकास र वातावरणको सन्तुलनमा सदैव ध्यान दिँदै आएको स्मरण गर्दै उहाँले भन्नुभयो, “हामीले बारम्बार भन्दै आएका छौँ कि विकसित देशहरूले सन् २०२५ सम्ममा जलवायु कोषमा प्रतिबद्धताअनुसारको रकम उपलब्ध गराउनुपर्छ ।” प्रधानमन्त्री दाहालले प्रजातन्त्र, मानवअधिकार, न्याय र सशक्तीकरणमा नेपाल र अमेरिकाको मान्यता समान रहेको धारणा राख्नुभयो । नेपालको सामाजिक आर्थिक विकासमा अमेरिकाले पुऱ्याएको योगदानको चर्चा गर्दै उहाँले अमेरिकी सहयोग नियोगले यसलाई निरन्तरता दिँदै आगामी पाँच वर्षभित्र ६५ करोड ९० लाख अमेरिकी डलरसहायता दिने कुरा महत्त्वपूर्ण भएको बताउनुभयो ।

# पोखरा-१४ मा एकैपटक १७ चौतारीको मर्मत सम्भार

पोखरापत्र संवाददाता
पोखरा, ३ असोज

पोखरा महानगरपालिका वडा नं. १४ मा एकै पटक १७ वटा चौतारीहरुको मर्मत सम्भार गरिएको छ । वडा कार्यालयबाट गत आर्थिक वर्षमा विनियोजित रकम २२ लाख रुपैयाँको लागतमा सो कार्य गरिएको हो ।

नवौं संविधान दिवसको अवसर पारेर बुधबार वडाध्यक्ष बोधबहादुर कार्कीले मर्मत सम्भार गरिएका १७ वटै चौतारीको उद्घाटन गरे ।

वडा कार्यालयद्वारा स्थानीय मोतीबहादुर बानियाको अध्यक्षतामा नौ सदस्यीय चौतारी निर्माण समिति गठन गरिएको थियो । साथै वडा सदस्य तनुजा थापा सिके, स्थानीय गोकर्ण कार्की र ललितबहादुर बानिया सदस्य रहेको अनुगमन समिति पनि गठन गरिएको थियो । समितिले वडाभित्र रहेका ऐतिहासिक चौतारीहरु मर्मत सम्भार गरि



वडालाई हस्तान्तण गरेको थियो । चौतारो उद्घाटन गर्दै वडाध्यक्ष कार्कीले थोरै रकमले पनि धेरै चौतारी मर्मत सम्भार भएको बताए । उनले पोखरा महानगरका अन्य वडामा यस्ता कार्य नभएको भन्दै उनले पोखरा १४ मा पहिलो पटक पृथक शैलीको काम भएको स्पष्ट पारे । वडाध्यक्ष कार्कीले वडा भित्रका अन्य चौतारीहरु पनि यसै वर्ष पुनःनिर्माण गरिने जानकारी दिए । कार्यक्रममा चौतारी निर्माण समितिका अध्यक्ष मोतीबहादुर बानियाले सबैको सहयोगका कारण समयमै काम सम्पन्न गर्न सकिएको बताए ।

सो अवसरमा अनुगमन समितिका सदस्य ललितबहादुर बानियाले वडामा पहिलो पटक यस्तो कार्य हुनु निकै प्रशंसनीय भएको बताए ।

चौतारी निर्माण समिति सचिवमा हरिकृष्ण कार्की, कोषाध्यक्ष रामचन्द्र केसी, सदस्यहरुमा उद्धवबहादुर कार्की,सरिता कार्की, ईश्वरी गुरुङ, मञ्जु कार्की, रामकृष्ण अधिकारी र राजकुमार भण्डारी थिए ।


## संविधान...

र्याली मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय परिसरमा आयोजित मुल समारोहमा परिणत भएको थियो । उक्त समारोहका प्रमुख अतिथी गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङलाई ब्याण्ड बाजा सहित स्वागत तथा नेपाल प्रहरीले सलामी समेत दिएको थियो । उक्त अवसरमा गण्डकी प्रज्ञा प्रतिष्ठान, जोजिज्यू म्युजिक सेन्टरका कलाकारको प्रस्तुति रहेको थियो । पोखराको शहिदचोकबाट सुरू भएको र्‍याली मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय परिसरमा आयोजित मुल समारोहमा परिणत भएको थियो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव बद्रीनाथ अधिकारीले बताउनु भयो । यसैबिच, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शासकीय आयामको सुधारमा गण्डकी प्रदेश क्रियाशील रहेको बताए । गण्डकी प्रदेश सरकार मुल समारोह समितिले बुधबार पोखरामा आयोजना गरेको संविधान दिवस २०८० को कार्यक्रममा वोल्दै उनले सो कुरा बताएका हुन् । प्रदेश सरकारले नागरिकको समृद्धि र उन्नयनको खाका कोर्दै प्रदेशवासीको प्रतिव्यक्ति आय बढाउने, दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्ने, रोजगारीको अवसर सिर्जना गर्ने तर्फ केन्द्रित भएको मुख्यमन्त्री पाण्डेले दाबी गरे । बहुआयामिक गरिबी न्यूनीकरण गर्ने, प्रदेशभित्र सडक सञ्जालको पहुँच स्थापित गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रलाई सर्वसुलभ र गुणस्तरीय बनाउने तर्फ योजनाबद्ध विकासमा नयाँ पाइला चालेको उनको दाबी थियो । सुशासन, सेवा प्रवाहमा सहजता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण, शासनमा नागरिकको पहुँच अभिवृद्धि जस्ता शासकीय आयामको सुधारमा गण्डकी प्रदेश क्रियाशील भएको उनको भनाई छ । यातायात व्यवस्था कार्यालयहरुको सेवा प्रवाहलाई प्रविधिमैत्री र छिटो छरितो बनाउन सुझाव सहितको प्रतिवेदन पेश गर्न कार्यदल गठन गरी प्रतिवेदनका आधारमा सवारीचालक अनुमतिपत्रको सरलीकरण, सवारी साधन चालकअनुमतिपत्रको राजश्व अनलाईन प्रणाली मार्फत तिर्न सक्ने व्यवस्था, सवारी चालक अनुमतिपत्रलाई सिफ्ट प्रणालीमा सञ्चालन गरी सेवा प्रवाहलाई सुधार गरिएको मुख्यमन्त्री पाण्डेले दाबी गरे ।

प्रदेश सरकार स्थापना भएदेखि नै नागरिकले अनुभूत गर्ने शासकीय अभ्यासलाई लोकतान्त्रिक विधि र पद्धति अनुरूप सञ्चालन गरिएको उनले जनाए ।

हाम्रा लागि संघीय शासन प्रणाली नयाँ अभ्यास भएपनि यस अवधिमा भएका विधि निर्माणका लागि गरिएका वैधानिक व्यवस्था, संस्थागत एवम् संरचनागत व्यवस्था, मानव संशाधनको आपूर्ति एवम् क्षमता विकास, विकास निर्माणका उपलब्धिहरु, सेवा प्रवाह सहज बनाउन सरकारबाट गरिएका प्रयासहरुले गण्डकी प्रदेश सरकारले आम नागरिकका सामु देख्न सक्ने, छुन सक्ने र अनुभव गर्न सक्ने अवस्थामा आफुलाई उभ्याएको उनको दाबी छ । उनले भने “हामीले संविधानमा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प गरेका छौं, यसर्थ संविधानले निर्दिष्ट गरेका लक्ष्यहरु प्राप्तिको दिशामा अघि बढ्नुपर्ने आजको मूल दायित्व हो ।” सविधान कार्यान्वयनमा सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, पत्रकार एवम् आम जनसमुदायबाट सरकारलाई सहयोग प्राप्त हुने उनले विश्वास व्यक्त गरे ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# शिक्षकहरुको शक्ति प्रदर्शन

मन्त्रिपरिषदबाट पास भएर संसदमा दर्ता भएको विद्यालय शिक्षा विधेयकको चर्को विरोध गर्दै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु सडकमा उत्रेका छन । सरकारले शिक्षकका मागलाई समयमै चासो नदिएपछि शिक्षकहरू बुधबारबाट काठमाडौँ केन्द्रित सडक आन्दोलनमा उत्रिएका छन् । मन्त्रिपरिषद्ले पास गरेको उक्त विधेयक नसच्चिएसम्म आन्दोलनबाट पछि नहट्ने अडानसहित शिक्षकहरु सडकमा उत्रेका छन । नेपाल शिक्षक महासंघको अगुवाइमा आन्दोलित उनीहरु विधेयकका केही प्रावधानले नेपालको शैक्षिक स्थितिलाई थप डामाडोल बनाउने दाबी गरिरहेका छन् । आन्दोलनका लागि ७७ वटै जिल्लाबाट काठमाडौँमा भेला भएका राहत, करार, बाल विकास, स्थायी लगायत शिक्षकहरुले शक्ति प्रदर्शन गरेका छन ।

यसअघि महासंघले विधेयकको विरोधमा विभिन्न १७ बुँदे असहमति पत्र नै सार्वजनिक गरिसकेको थियो । सोही अनुसार उनीहरूले नेपालको शिक्षा प्रणाली आफैमा विकृत रहेको र नयाँ विधेयकले झनै विकृत बनाउने भन्दै विधेयक संशोधन वा पुर्नलेखन गर्नुपर्ने मागलाई अघि सारेका छन् । काठमाडौंमा बुधबार बिहान ११ बज्दानबन्दै माइतीघरमण्डलमा जम्मा भएका शिक्षकहरुले बानेश्वरसम्म सडक प्रदर्शन गरे । संघीय संसद भवन वरपर निषेधित क्षेत्र घोषणा गरेकाले प्रहरीले उनीहरुलाई नयाँबानेश्वरमा रोकेको थियो । शिक्षकहरुको प्रदर्शनका कारण दिनभरजसो तीनकुने माइतीघर सडकमा यातायात अवरुद्ध भयो । साँझ शिक्षकहरु आआफ्नो बासस्थानतिर लागेपछि सडक त सञ्चालनमा आएको छ, तर शिक्षकहरुको आन्दोलन कहिलेसम्म हो टुंगो छैन ।

विद्यालय बन्द गरेर काठमाडौं आएका शिक्षकहरु विधेयक फिर्ता नभएसम्म नफर्किने बताउँछन् । विभिन्न नारा लेखिएको प्ले-कार्ड सहित प्रदर्शनमा सहभागी शिक्षक, अभिभावक, विद्यार्थीको सहभागिता विना लेखिएको विधेयक मान्य नहुने जिकिर गरे । उनी भन्छन्, 'शिक्षा विधेयक शिक्षक, अभिभावक, विद्यार्थीले लेख्ने हो । उनीहरु विना लेखिएको विधेयक मान्य हुने छैन । शिक्षक महासंघले ट्रेड युनियनको अधिकार दिनुपर्ने, प्रधानाध्यापकको नियुक्ति शिक्षक सेवा आयोगबाट हुनुपर्ने, सरुवा, बढुवा र कारबाहीको अधिकार स्थानीय तहलाई दिन नहुने, निवृत्तिभरण तथा पेन्सनको लागि अस्थायी सेवा अवधिको पनि गणना हुनुपर्ने माग गरेका छन् । त्यस्तै राहत दरबन्दीका शिक्षक, साविक उच्चमाविका शिक्षक, अस्थायी र करार शिक्षक, बाल विकास कक्षाका शिक्षक, विशेष शिक्षा र प्राविधिक धारका शिक्षकलाई आन्तरिक परीक्षाबाट स्थायीको व्यवस्था गर्नुपर्ने, विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गरी स्थायी प्रक्रियामा लैजानुपर्ने लगायत माग अघि सारेको छ । यस्ता किसिमका माग राखेर भएको आन्दोलनमा सहभागी शिक्षकहरुले कुनै न कुनै माग आफ्नो माग मानेका छन् ।

विधेयकमा राखिएको राहत शिक्षकलाई स्थायी प्रक्रियामा लैजाने व्यवस्था चित्त बुझेको छैन । पछिल्लो पटक १६ साउनमा मन्त्रिपरिषद्ले विधेयक पास गरेर संसदमा दर्ता गर्नुअघि उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का नेतृत्वको समितिसँग पनि अनौपचारिक छलफल भएको थियो । त्यही क्रममा निजी विद्यालय सञ्चालकहरुको माग सम्बोधन गर्दै सरकारले विधेयकमा ५ वर्षभित्र गैरनाफामूलक गुठीमा जानुपर्ने प्रावधान हटाएर ऐच्छिक बनाएको थियो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# संविधान दिवस : मौलिक हकको उपभोग कहिले ?

**रामबहादुर थापा/रासस**
पोखरा, ३ असोज

"संविधानको सुन्दरता लेखोटमा होइन, उपभोगमा हुन्छ, संविधानका हरेक अन्तर वस्तुले मानिसको जीवनमा गुणात्मक प्रभाव राख्न सक्नुपर्छ", संविधान दिवसका अवसरमा पूर्वप्रधानन्यायाशीध कल्याणकुमार श्रेष्ठले व्यक्त गर्नुभएको विचार हो यो । उहाँको झैं सामान धारणा छ, वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठको पनि । उहाँ भन्नुहुन्छ, "निरङ्कुश शासन व्यवस्था रहेका मुलुकले पनि मौलिक हकको घोषणा गर्छन्, संविधानमा लेख्नुमात्र ठूलो कुरा होइन, व्यवहारिक कार्यान्वनको पक्ष महत्वपूर्ण हो ।"

संविधानप्रदत्त नागरिक अधिकारको प्रचलन हुनु/नहुनुले राज्य सञ्चालनमा ठूलो अर्थ राख्ने तत्कालीन संविधानसभा सदस्य एवं गण्डकी प्रदेशसभा सदस्य चम्पादेवी खड्का बताउनहुन्छ । उहाँ भन्नुहुन्छ, "संविधानको सही कार्यान्वयन गरिएमात्र लोकतन्त्र सुदृढ हुन्छ, नागरिक बलिया हुन्छन्, व्यवस्था टिक्छ ।"

कानुन निर्माणदेखि प्रचलन गराउने संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरेका व्यक्तिका यी विचारमा संविधानमा उल्लेखित मौलिक हकको कार्यान्वयनको अवस्थाप्रति चासो र चिन्ता अभिव्यक्त भएको छ । सिद्धान्ततः मौलिक हक तत्काल प्रचलन हुने अधिकार भए पनि नेपालमा भने यसको कार्यान्वयन निराशाजनक छ । विसं २०७२ मा जारी भएको संविधानको धारा ४७ मा मौलिक हकको कार्यान्वयन गर्न तीन वर्षभित्र कानुनी व्यवस्था गर्ने उल्लेख छ । तर, संविधान बनेको आठ वर्ष वितिसक्दा पनि मौलिक हकसँग सम्बन्धित कानुन बनेका छैनन् । संविधानमा राखिएका प्रावधानको व्यावहारिक उपादेयतामाथि बेला-बेला जनस्तरबाटसमेत प्रश्न उठ्ने गरेको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश प्रमुख शिव खकुरेलले संविधानमा लिपिबद्ध भएर पनि कानुन नबनेका कारण कतिपय नागरिक अधिकार प्रचलनमा आउन नसकेको बताउनुभयो । "संविधानको भाग ३ को धारा १६ देखि ४८ सम्म मौलिक हकको व्यवस्था छ, तर संविधान बनेको आठ वर्ष वितिसक्दा पनि तिनको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन", उहाँले भन्नुभयो, "विडम्बना भन्नुपर्छ, हाम्रा राजनीतिक दलहरू सत्तामुखी मात्र भए, कानुन निर्माणको थलो संसद् पनि सरकार बनाउने र गिराउनेमा बढी केन्द्रित भयो ।"

उहाँले आमाको नामबाट नागरिकता दिन सकिने प्रावधान संविधानमा राखिएको भए पनि कानुन नबनेका कारण बुबाको पहिचान नभएका कैयन व्यक्ति नागरिकताबाट वञ्चित हुनुपरेको बताउनुभयो । "बनेका कानुनको कार्यान्वयनमा पनि राज्य गम्भीर छैन, प्रत्यक्ष मानवअधिकारसँग जोडिएका विषय छन् जसप्रति राज्य संयन्त्र उदासिन छ", उहाँले भन्नुभयो, "संविधानले दिएका हक-अधिकारको उपभोग गर्न नपाउँदा नागरिकका निराशा बढेको छ, राज्यका निकायप्रति अविश्वास सिर्जना भएको छ ।" सामान्य प्रशासनिक खर्चको व्यवस्थापनमासमेत समस्या झेलिरहेको राज्यले एकैसाथ सबै मौलिक हकको प्रत्याभूति दिलाउनु चुनौतीपूर्ण हुने कतिपयको बुझाइ छ । मौलिक हक प्रचलनमा ल्याउन देशको आर्थिक विकाससँगै राजस्व र खर्च गर्ने क्षमतामा वृद्धि हुनुपर्ने संविधानका जानकार बताउँछन् । नागरिकलाई मौलिक हकको प्रत्याभूति दिलाउन राज्यसँग स्रोतसाधान, संस्थागत संरचना, जिम्मेवारिबोध र अठोट चाहिने उनीहरूको भनाइ छ ।

वरिष्ठ अधिवक्ता श्रेष्ठले मौलिक हक-अधिकार प्रचलनमा नआउने हो भने लोकप्रियताका लागि मात्र संविधानमा लिपिबद्ध गरिएको ठहर्ने धारणा राख्नुभयो । "संविधानले दिएको अधिकारबाट नागरिकलाई वञ्चित गर्न मिल्दैन, यसमा राज्य जिम्मेवार र उत्तरदायी बन्नुपर्छ,", उहाँले भन्नुभयो, "राज्यले पद्दतिमा सुधार ल्याउन आवश्यक छ, स्रोतसाधनको प्रबन्ध गर्नुपर्छ ।" मौलिक हकको कार्यान्वयन फितलो हुनुमा अनुत्तरदायी राज्य प्रणालीकै दोष रहेको वरिष्ठ अधिवक्ता श्रेष्ठले बताउनुभयो । राज्य आराम गरेर बस्ने प्रवृत्तिको हुने जनाउँदै उहाँले नागरिक अधिकार प्राप्तिका लागि दबाब सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो । संविधानको व्यावहारिक र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ऐन/कानून निर्माणलाई तीव्रता दिइनुपर्ने वरिष्ठ अधिवक्ता श्रेष्ठले उल्लेख गर्नुभयो । संविधानसभा सदस्य खड्काले संविधानको रक्षा र कार्यान्वयनमा सबै पक्ष जिम्मेवार हुनुपर्ने बताउनुभयो । "ठूलो सङ्घर्ष र बलिदानपछि संविधानसभाबाट नयाँ संविधान बनेको हो, मौलिक हक र नागरिक अधिकारका दृष्टिले यो संविधान उत्कृष्ट छ", उहाँले भन्नुभयो, "संविधानको सही कार्यान्वयन हुन नसके नागरिकले परिवर्तनको अनुभूति गर्न पाउँदैनन्, व्यवस्थाप्रति नै प्रश्न उठ्छ, यसमा हामी सबै सचेत रहनुपर्छ ।" संविधानमा रहेका कतिपय मौलिक हकका प्रावधान महत्वकांक्षी जस्ता देखिए पनि लोककल्याणकारी राज्यले ढिलाचाँडो तिनको प्रत्याभूति दिनैपर्ने अधिकारीकर्मी बताउँछन् । मौलिक हकमा धारामा राजनीतिक, नागरिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका हकलाई लिपिबद्ध गरिएको छ । कानुन व्यवसायी एवं अधिकारकर्मी राम शर्माले संविधानको आँखाबाट हेर्दा मौलिक हकको प्रावधान विश्वका समृद्धशाली देशकै हाराहारीमा रहेको बताउनुभयो । "स्वास्थ्य, शिक्षा, रोजगार, आवासलगायत ३१ वटा मौलिक हकलाई संविधानले समेटेको छ", उहाँले भन्नुभयो, "मौलिक हक भनेको कसैले हरण गर्न नसक्ने अधिकार हो, मानवअधिकारसँग जोडिएको विषय हो, राज्य यसको दायित्वबाट पन्छिन मिल्दैन ।" प्रत्येक नागरिकलाई राज्यबाट निःशुल्क स्वास्थ्य सेवा पाउने हक संविधानमा लेखिएतापनि सहज उपचार पाउन समस्या विद्यमान छ ।

संविधानको धारा ३५ को उपधारा १ मा रहेको स्वास्थ्यसम्बन्धी हकमा कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने उल्लेख छ । अधिवक्ता शर्माले नागरिकलाई रोजगार दिन नसके राज्यले बेरोजगार भत्ता दिनुपर्ने तर्क अघि सार्नुभयो । "रोजगारको हकलाई संवैधानिक रूपमा किटान गरिएको छ, राज्यले रोजगार दिन सक्दिन भन्न पाउँदैन, बेरोजगार व्यक्ति कसैले चाह्यो भने राज्यविरुद्ध मुद्दा हाल्न सक्छ", उहाँले भन्नभयो । संविधानमा रोजगारीको हक सुनिश्चित गरिए पनि कामकै खोजीमा नेपाली विदेश भौंतारिनु पर्ने अवस्था छ । संविधानको धारा ३० को उपधारा १ मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको प्रबन्ध गरिएको छ । वायु प्रदूषणका साथै फोहर र त्यसको उचित व्यवस्थापन नहुँदा नेपालका सहरी क्षेत्रमा प्रदूषण बढ्दो छ ।

यस्तो स्थितिमा नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हक कसरी सुरक्षित होला र ! संविधानको धारा ३६ मा रहेको खाद्यसम्बन्धी हकमा कोही पनि नागरिक खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी लेखिएको छ । तर स्थिति त्यस्तो छैन । खाद्यवस्तुको अभावमा कैयन नेपालीको जीवन जोखिममा छ । मानिस भोकमरी झेल्न बाध्य छन् । सरकारकै प्रतिवेदनअनुसार झण्डै २० लाख जनसङ्ख्यामा खाद्य असुरक्षाको स्थिति छ । भोकमरी सूचकाङ्क सन् २०१९ ले नेपाल विश्वका एक सय १७ देशमध्ये भोकमरीको ७३औँ स्थानमा रहेको देखाएको थियो । यसरी संविधानले व्यवस्था गरेका कैयन मौलिक हकका प्रावधान नेपालको वस्तुस्थिति विपरित छन् । शिक्षासम्बन्धी हकले प्रत्येक नागरिकलाई राज्यबाट आधार भूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको प्रबन्ध गरेको छ । हाम्रा शिक्षाका तथ्याङ्क भने चिन्ताजनक छन् । युनिसेफका अनुसार पाँचदेखि १२ वर्ष उमेर समूहका सात लाख ७० हजार बालबालिका अझै विद्यालय बाहिर छन् । प्रत्यक नेपालीले आफ्नो मातृभाषामा शिक्षा पाउने हकलाईसमेत संविधानमा किटान गरिएको छ । तर, त्यसको कार्यान्वयन कम चुनौतीपूर्ण छैन ।

उपभोक्ताको हक, भाषा संस्कृतिको हक, श्रमको हक, सामाजिक न्यायसहितका मौलिक हक अझै उपभोग्य हुन सकेका छैनन् । अधिवक्ता शर्माका अनुभवमा मौलिक हकबाट वञ्चित हुनुपरेको भन्दै अदालतमा मुद्दा परेका घटना भने बिरलै पाइन्छन् । नागरिकले पनि मौलिक हकका अन्तवस्तुबारे यथोचित रूपमा बुझ्न नसकेको उहाँको ठम्याइँ छ । "मौलिक हकको कार्यान्वयन नहुने हो भने संविधानको परिपालना गरेको ठहर्दैन, संविधानका प्रावधान हात्तीको देखाउने दाँत जस्तो हुनुभएन", उहाँले भन्नुभयो ।

# नेपाली हस्तकलाका वस्तु ८० देशमा निकासी

**रासस**
काठमाडौं, ३ असोज

वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनीले हस्तकला निर्यात व्यापारको नेतृत्वदायी क्षेत्र हुन सक्ने बताउनुभएको छ ।

नेपाल हस्तकला महासङ्घद्वारा मङ्गलबार ललितपुरमा आयोजित 'हस्तकला वस्तुको निकासी व्यापारमा विद्यमान समस्या र समाधान' छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले विदेशमा नेपाली हस्तकलाको माग र पहिचान राम्रो छ भन्नुभयो । "हस्तकलामा नेपालको पहिचान, परम्परा र संस्कृति छ । हामीले हाम्रो पहिचान, परम्परा र संस्कृतिको निर्यात गरिरहेका छौँ । नेपाललाई अन्तराष्ट्रिय रूपमा चिनाउने माध्यम हो । हस्तकला निर्यात व्यापारको नेतृत्वदायी क्षेत्र हुन सक्छ । यसमा परिवार, कृषक र महिलासँग जोडिएको छ । गाउँ, समुदायमा नै गर्न सम्भव भएकाले यो क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण अङ्गका रूपमा रहेको छ", सचिव मरासिनीले भन्नुभयो ।

उहाँले हस्तकला क्षेत्रमा नेपाली कालिगढको अभाव हुनुको कारण खोज्नु आवश्यक रहेको जनाउँदै यसलाई महासङ्घले ध्यान दिएर प्रवर्द्धन गर्नुपर्ने धारणा राख्नुभयो । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले साना उद्यमी र लघु उद्यमीहरूलाई निर्यात गर्न सक्ने गरी उत्पादन गर्न र रोजगारी सृजना गर्नका लागि माथि उकास्न आवश्यक पर्ने सहुलियत र सुविधा दिनुपर्ने बताउनुभयो । "हस्तकला क्षेत्रमा विकासका लागि कसले के गर्ने हो भन्ने खालका नीति तथा रणनीतिहरू तय गरिनुपर्छ ।

समस्याहरू धेरै छन्, विद्यमान समस्या र समाधानका उपायहरूका विषयमा हस्तकला महासङ्घले सुरु गरेको काम महत्वपूर्ण छ, आन्तरिक र बाह्य समस्याहरू के के हुन् भनेर पहिचान गर्नुपर्ने र उद्यमी र व्यापारीहरू छुट्याएर समस्या समाधान गर्न लाग्नुपर्ने अवस्था छ," निर्देशक राणाले भन्नुभयो । उहाँले हस्तकला वस्तुको निकासीका लागि पारवहन र ढुवानीका समस्या समाधान गर्नाका साथै बजारहरूको खोजी गर्नुपर्ने धारणा राख्नुभयो ।

# लोप भएको हाटबजार पुनः सञ्चालन

**पोखरापत्र संवाददाता**
दमौली, ३ असोज

धेरै वर्ष पहिला दमौलीमा हाटबजार सञ्चालन हुन्थ्यो, जहाँ उपभोक्ताले गाउँबाट ल्याइएका कृषि सामग्री खरिद गर्न पाउँथे ।

यसले गर्दा किसान तथा उपभोक्ताको सिधा सम्पर्क हुन्थ्यो र किसानले उचित मूल्य पाउँथे । पछि हाटबजार लगाउने प्रचलन हरायो । लोप भइसकेको हाटबजारलाई व्यास नगरपालिकाले पुनः सञ्चालन गरेको छ । संविधान दिवसको अवसर पारेर आजदेखि व्यास-३ मा बुधबारे हाटबजार सञ्चालन गरिएको छ । उक्त हाटबजार अब प्रत्येक बुधबार लाग्नेछ । किसान र उपभोक्ताबीच सिधा सम्पर्क गराएर कृषि सामग्री खरिद-बिक्री गर्ने व्यवस्था मिलाउन हाटबजार सञ्चालनमा ल्याइएको नगर प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दमौलीमा पहिला हाटबजार लाग्यो, बिस्तारै हरायो, एकादशी बजार हराउन थाल्यो, माघे सङ्क्रान्ति मेला हराउन थाल्यो, पुराना परम्परा हराउँदै जान थाले, यसको संरक्षणमा लागेका छौँ ।" हाटबजारले किसान र उपभोक्ताबीच सिधा सम्पर्क गराएर दुवै पक्षले उचित मूल्यमा कृषि सामग्री खरिद बिक्री गर्न पाउने अवसरको सिर्जना गर्ने न्यौपानेको भनाइ थियो ।

किसानले गाउँबाट तरकारी ल्याएर दमौलीका विभिन्न चोक र चौतारामा बसेर बिक्री गर्दै आएकामा अब यस ठाउँमा ल्याउने प्रयत्न गरिने उहाँले बताउनुभयो । नगरपालिकाले यस ठाउँमा १३ व्यापारिक कक्ष निर्माण गरेको छ । ती कक्ष किसानका लागि निःशुल्क हुनेछन् । हाटबजारको शुभारम्भ गर्दै तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले युवामय हुँदै गएको नेपाल र प्रविधिमैत्री बन्दै गएको नेपालमा अबको समय अनलाइनको भएकाले यसलाई अनलाइनसँग जोड्न सक्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यसले गर्दा किसानले सोझै मूल्य पाउन सक्नेछन्, त्यसतर्फ ध्यान दिनुपर्छ ।" व्यास-५ मा ड्रागन फ्रुट खेती गर्दै आउनुभएका कल्पना गौलीले हाटबजारले कृषि उपज सामग्री बिक्री वितरणका लागि सहयोग पुग्ने बताउनुभयो । तनहुँकै आँबुखैरेनी गाउँपालिकाले पहिलो पटक हाटबजार शुभारम्भ गरेको थियो । प्रत्येक शुक्रबार आँबुखैरेनी-३ मा हाटबजार सञ्चालन हुन्छ । त्यहाँ गाउँपालिकाभित्रका बासिन्दाले कृषि उपज बिक्री गर्दै आएका छन् ।

# निकुञ्जले अतिक्रमित टहरा हटायो

**रासस**
काठमाडौं, ३ असोज

चितवन राष्ट्रिय निकुञ्जले अतिक्रमण गरी बनाइएका २२ टहरा भत्काएको छ । माडी नगरपालिका- ९ स्थित कुसुमखोलामा नेपाली सेना र निकुञ्जका कर्मचारीले हात्ती समेतको प्रयोग गरी टहरा भत्काएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार हात्तीसहित पुगेका सेना र निकुञ्जका कर्मचारीले ती टहरा भत्काएका हुन् । पहिलेदेखि नै सोही ठाउँमा रहेका काजीमान प्रजाको एउटा घरटहरा भने निकुञ्जले भत्काएको छैन । मध्यवर्ती क्षेत्रको जङ्गल अतिक्रमण गरेर विभिन्न ठाउँबाट आएका व्यक्ति बसोबास गर्ने क्रम बढ्दै गएको र उनीहरूलाई घरटहरा नबनाउन पटकपटक आग्रह गर्दासमेत नरोकिएपछि बाध्य भएर भत्काउनु परेको तिवारीले बताउनुभयो । टहरा निर्माण गरी वरपरको क्षेत्रमा खेतीपातीसमेत गर्न थालेको उहाँको भनाइ छ ।

विगतका वर्षहरूमा पनि टहरा बनाउने कार्य भएपछि निकुञ्जले पटक-पटक भत्काउँदै आएको थियो । कुसुमखोलामा चितवन र मकवानपुरका विभिन्न स्थानबाट आएका चेपाङ परिवारहरूले टहरा बनाएको तिवारीले जानकारी दिनुभयो । अन्यत्र घर भएकाहरूले समेत टहरा बनाएको उहाँको भनाइ छ ।

# भलिबलमा पोखरेली दर्शकको बढ्दो उत्साह

**धनबहादुर गुरुङ**
कास्की, ३ असोज (रासस)

सयौँ दर्शकको भीड, समर्थनको उत्साह उस्तै । बच्चादेखिबूढापाकासम्मकोसाथले हौसिएको थियो, गण्डकी प्रदेशको भलिबल टोली ।

गण्डकीसँग प्रतिस्पर्धा गरिरहेको थियो, विभागीय टोली नेपाल पुलिस क्लब । पोखरामा भएको लामाचौर कप राष्ट्रिय भलिबलको फाइनल हेर्न मङ्गलबार चार हजारभन्दा बढी दर्शक मैदान पुगेका थिए । उनीहरू अधिकांशको साथ घरेलु टिम गण्डकी प्रदेशलाई थियो ।

नव आदर्श सामुदायिक विकास समाज लामाचौरको आयोजनामा भएको प्रतियोगिताको फाइनल निकै रोमाञ्चक अवस्थामा पुगेको थियो । गण्डकी र पुलिसले दुई-दुई सेट आफ्नो पक्षमा पारेपछि अन्तिम सेट १४-११ स्थितिमा आयो । अग्रता बनाएको गण्डकीलाई पाँचौँ सेटमा खेल जित्न एक नम्बर आवश्यक थियो । गण्डकीका सेटर सुजन चोखालले अगाडिका दुई स्पाइकरलाई छाडेर ओपन स्पाइकर रवि केसीका लागि बल सेट गरिदिनुभयो । खेल जित्नुपर्ने दबाब एकातिर, अर्कोतर्फ दर्शकको हुटिङ । दबाबभन्दा बढी जोशमा रवि केसीले सट प्रहार गर्नुभयो । अन्ततः उहाँले प्रहार गरेका बल पुलिसको कोर्टमा झर्‍यो, गण्डकीले खेल जित्यो । त्यो समय खेलाडी जति खुसी थिए, त्योभन्दा बढी दर्शकमा खुसीयाली देखियो । जितपछि गण्डकीका खेलाडी रवि केसीले दर्शकको साथ र मायाले नै खेल जितिएको प्रतिक्रिया दिनुभयो । फाइनलमा अन्तिम सट प्रहार गर्न बाहिरको हुटिङ र साथले आँट पलाएको उहाँले बताउनुभयो । “खेलको दबाब एकातिर थियो, अर्कोतर्फ त्यत्रा दर्शकको माया खेर जान्छ कि भन्ने थियो मनमा”, रवि भन्नुहुन्छ, “दर्शकले हुटिङ नगरेको भए जोश आउने थिएन होला ।”

लामाचौरमा फाइनलका दिन सोचेभन्दा बढी दर्शक आएको गण्डकी प्रदेश भलिबल टोलीका कप्तान हरि पाण्डेले बताउनुभयो । “म धेरै ठाउँमा खेल्दै हिँडेको छु, गण्डकी प्रदेशलाई धेरै ठाउँका दर्शकले माया गर्नुहुन्छ”, उहाँले भन्नुभयो, “गण्डकी हाम्रो घरेलु मैदान हो । त्यसैले यहाँ हाम्रा समर्थक धेरै छन् । फाइनलमा नसोचेको माया पायौँ । उहाँहरूको हौसलाका कारण पनि खेल जितियो ।” पोखरामा हुने टाइगर कपदेखि अन्य प्रतियोगितामा दर्शकले राम्रो साथ दिने गरेको कप्तान पाण्डेले बताउनुभयो ।

खेलाडीको राम्रो प्रदर्शनअनुसार खेल जितिने भए पनि दर्शकको समर्थन महत्त्वपूर्ण रहेको गण्डकी प्रदेश भलिबल टोलीका प्रशिक्षक रमेश केसीले बताउनुभयो । खेलाडीलाई जित्नुपर्छ भनेर कोर्टमा पठाए पनि दर्शकको हौसला र समर्थनकै कारण आफूलाई पनि ऊर्जा थपिने गरेको प्रशिक्षक केसीले सुनाउनुभयो । राष्ट्रिय खेल भलिबलमा पछिल्लो समय उत्साह बढ्दै गएको प्रशिक्षक केसीले बताउनुभयो । घरेलु दर्शकको मायाका कारण यसअघि पोखरामै भएको तेस्रो टाइगर कप भलिबलको उपाधि पनि गण्डकी प्रदेशले जितेको उहाँले सम्झनुभयो ।

पोखरा फूलबारीबाट फाइनल खेल हेर्न पुग्नुभएका स्पन्दन गुरुङले भलिबल भनेपछि हुरुक्कै हुने गरको बताउनुभयो । आफू गण्डकीको समर्थक भएकाले गण्डकी खेल हुँदा जसरी पनि खेल हेर्न पुग्ने गरेको उहाँले सुनाउनुभयो । “भलिबल भनेपछि म त हुरुक्कै हो । अझ गण्डकीको खेल हुँदा त जस्तो काम भए पनि छाडेर खेल हेर्न पुग्छु”, उहाँले भन्नुभयो, “कहिलेकाहीँ हेर्न आउन भ्याउदिनँ त्यो बेला मोबाइलबाटै लाइभ हेरेर चित्त बुझाउँछु ।”

नेपाल भलिबल सङ्घका निवर्तमान सचिव डिबी नेपालीले पछिल्लो समय पोखरामा मात्र नभएर गण्डकी प्रदेशभरमै भलिबलप्रति उत्साह बढ्दै गएको बताउनुभयो । जतिसुकै ठूलो प्रतियोगिता पनि दर्शकको अनुपस्थितिमा खल्लो हुने उहाँको तर्क थियो । तर गण्डकी प्रदेशको जुनसुकै स्थानमा हुने भलिबल प्रतियोगितामा दर्शकले राम्रो साथ दिएको नेपालीले बताउनुभयो ।

लामाचौरमा भएको खेल हेर्न पोखरा मात्र नभएर छिमेकी जिल्ला र पोखरा घुम्न आएका अन्य जिल्लाका दर्शक पनि मैदानमा पुगेको प्रतियोगिताका अर्थ समिति संयोजक बुद्धिबहादुर केसीले बताउनुभयो । फाइनलमा मात्र तीन हजार टिकट बिक्री भएको संयोजक केसीले जानकारी दिनुभयो । “हामीले एकैदिनमा तीन हजारभन्दा बढी टिकट बिक्री गर्‍यौँ”, उहाँले भन्नुभयो, “त्योबाहेक प्रायोजक, अतिथि सबै गेरर चार हजारभन्दा बढी दर्शक हुनुहुन्थ्यो ।”

आयोजकले प्रतियोगिताका लागि भनेर चार हजार अट्ने अस्थायी प्यारापिट निर्माण गरेको थियो । फाइनलका दिन त्यो प्यारापिटमा नअटेर भुइँमा बसेरै खेलको मज्जा लिएका थिए । यसले गर्दा पछिल्लो समय पाखरेलीको भलिबलप्रतिको मोह बढ्दै गएको उहाँले बताउनुभयो ।

टिकट काटेरै दर्शक मैदान पुग्दा आफूहरूलाई प्रतियोगिताको खर्च व्यवस्थापनमा पनि सहयोग मिल्ने केसीले बताउनुभयो । “हामीलाई प्रतियोगिता गर्दा खर्च हुन्छ । उहाँ भलिबलको माहोल पनि राम्रो छ । टिकट काटेरै पनि दर्शक आउनुहुन्छ”, केसीले भन्नुभयो, “टिकट बिक्रीबाट यो वर्ष करिब रु १३ लाख आम्दानी हुने अनुमान गरेका छौँ । यसले गर्दा खर्च व्यवस्थापनमा पनि सजिलो हुन्छ ।” गत वर्ष टिकट बिक्रीबाट रु १२ लाख जम्मा गरिएको उहाँले बताउनुभयो । सोही कारण पनि पोखरामा भलिबलप्रति दर्शकको उत्साह बढ्दै गएको देखिन्छ ।



आलु खेतीः
मुस्ताङको लोमान्थाङ गाउँपालिका-३ थिङगरका कृषकले सामुहिक रुपमा गरेको आलु खन्दै । लोमान्थाङ गाउँपालिकाको आर्थिक सहयोगमा ठेकार कृषक समूहले १३० रोपनी बाँझो जग्गामा सामुहिक आलु खेती गरेर आम्दानी लिन थालेका छन् । तस्बिर : सन्तोष गौतम/रासस

# व्यावसायिक बाख्रापालनबाट मनग्य आम्दानी

**पोखरापत्र संवाददाता**
गल्याङ, ३ असोज



स्याङ्जाको गल्याङ नगरपालिका-३ गल्याङबजारका गङ्गाप्रसाद श्रेष्ठ व्यावसायिक बाख्रापालनमा गर्दै आउनुभएको छ । उहाँले चार वर्षपहिले छर्तिमा अञ्जली कृषि तथा बाख्रापालन फार्म दर्ता गरेर बाख्रापालन गर्दै आउनुभएको हो ।

उहाँले सञ्चालन गरेको फार्ममा बोयर, खरी र जमुनापारी जातका ६० देखि एक सय ८५ वटासम्म बाख्रा हुने गर्छन् । उहाँले फार्ममा दुई सयको हाराहारिमा स्थानीय जातका कुखुरा, टर्की, हाँस पाल्नुभएको छ भने १२ रोपनी जमिनमा करिब १३ प्रजातिका घाँस लगाउनु भएको छ । करिव रोपनी क्षेत्र फलमा फैलिएको उहाँले फार्ममा हालसम्म रु ७० लाख लगानी गरिसकेको र चार वर्षको अवधिमा ८२ लाख आम्दानी गरेको दाबी गर्नुभयो ।

नेपाल बाख्रापालन महासङ्घ स्याङ्जाका अध्यक्षसमेत रहनुभएका श्रेष्ठले गल्याङ नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउने उद्देश्यसहित श्रीमती अनिता श्रेष्ठको नाममा फार्म दर्ता गरेर व्यवसाय दर्ता गरेको बताउनुभयो । उहाँले गाउँमा सम्भावना नदेखेर विदेश लाग्नेहरूका लागि उदाहरण बन्न सकिन्छ कि भनेर बाख्रापालन गरेको दाबी गर्नुभयो ।

“व्यावसाय सञ्चालनको सुरुमा खासै ज्ञान नभएर होला गाह्रो महसुस भएको थियो, सुरुआती अवस्थामा निमोनियाले ४४ वटा बाख्रा मरे,” उहाँले भन्नुभयो, “अहिले बाख्रा पाल्ने काम सजिलो लाग्न थालेको छ, पालेका सबै बाख्रा पोषिला छन् ।” श्रेष्ठले एकजना साथी सँगको सहकार्यमा २८ बाख्राबाट व्यवसाय सुरु गरेको बताउनुभयो । “बीउ उत्पादन गर्ने सोचका साथ बेल्टारीबाट बोयर बोका र माउ ल्याएर बाख्रा पाल्न सुरु गरियो,” उहाँले थप्नुभयो, “माउ उत्पादनको काम फस्टाउन नसकेपछि मासु उत्पादनका लागि बाख्रा पाल्न सुरु गरियो । यहाँ उत्पादित बाख्रा स्याङ्जाका स्थानीय बजारसहित पोखरा, काठमाडौँ लगायतका बजार हरूमा निर्यात हुने गरेका छन् ।

श्रेष्ठले गल्याङ बजारमा किराना पसलसमेत सञ्चालन गर्नुभएको छ । उहाँले गल्याङ बजारमा सफल युवा व्यावसायिकका रूपमा पहिचान बनाउनुभएको छ । श्रेष्ठ गल्याङ युवा क्लबको अध्यक्ष, गल्याङ चेम्बर अफ कमर्स र गल्याङ नेवा समाजको पूर्वअध्यक्ष भएर काम गर्नुभएको छ । उहाँले बाख्रापालनसम्बन्धी दुईवटा तालिम लिनुभएको छ ।

उहाँले जिल्ला भेटेरिनरीबाट खोर सुधार कार्यक्रमअन्तर्गत रु ९९ हजार पाँच सय, गल्याङ नगरपालिकाबाट एक वर्ष पहिले २५ हजार र चाँपकटर अनुदान पाउनुभएको छ । श्रेष्ठले गल्याङ नगरपालिका र वडा कार्यालय नजिकको भएर पनि आफूलाई वास्ता नगरेको आरोप लगाउनुभयो । “गल्याङ नगरपालिकाभित्र मैले जत्तिकै गुणस्तरीय बाख्रा उत्पादन गर्ने किसान कोही छैन होला,” उहाँले दुखेसो पोख्नुभयो, “तर पनि गल्याङ नगरपालिकाका प्रमुख र वडाअध्यक्ष मेरो फार्म अवलोकन गर्न नआउँदा दुःख लागेको छ ।”

“काजज मिलाएर अनुदान खाने प्रचलनका कारण बाख्रा पाल्नेहरू २५ प्रतिशतले घटेका छन्, देश छोड्नेहरूको अवस्था कहालिलाग्दो छ,” श्रेष्ठले भन्नुभयो, श्रेष्ठले कृषकको फार्ममै पुगेर उत्पादनका आधारमा सरकारले अनुदान दिनुपर्छ, सहरमा घर हुनेलाई मात्र होइन गाउँका किसानलाई पनि सरल तरिकाले सस्तो ऋणको व्यवस्था गरिदिनुपर्छ, यसो भएमा मात्र बाख्रापालक कृषक टिक्न सक्छन् ।” उहाँले राज्यले सहयोग गरेमा सुलभ ब्याजदरमा ऋणको व्यवस्था गरिदिएमा व्यवसाय विस्तार गर्ने योजना रहेको बताउनुभयो । “धेरैका श्रीमान् देश छोडेर प्रदेश जाँदा महिलाहरू समस्यामा परेका छन्,” उहाँले भन्नुभयो, “म त भाग्यमानी छु, अहिलेसम्म श्रीमान्ले साथ छोड्नुभएको छैन, उहाँले फार्म सम्हाल्दा मैले दोकान समालेर सघाएकी छु । फार्ममा हाल एक जनाले रोजगार पाएका छन् ।

# नेपालको आर्थिक वृद्धिदर यस वर्ष १.९ र आगामी वर्ष ४.३ प्रतिशत रहने एडिबीको अनुमान

**रासस**
काठमाडौं, ३ असोज

एसियाली विकास बैंक (एडिबी) ले नेपालको आर्थिक वृद्धिदर सन् २०२३ मा एक दशमलव नौ र सन् २०२४ मा चार दशमलव तीन प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ ।

एडिबीले ‘एसियन डेभलपमेन्ट आउटलुक, सेप्टेम्बर २०२३’ प्रतिवेदन सार्वजनिक गर्दै यो वर्षको तुलनामा आगामी वर्ष आर्थिक वृद्धिदरमा केही वृद्धि हुने अनुमान सार्वजनिक गरेको हो ।

त्यस्तै, नेपालमा सन् २०२३ मा मुद्रास्फीति सात दशमलव सात प्रतिशत रहने अनुमान एडिबीको छ । सन् २०२४ मा भने त्यो घटेर छ दशमलव दुई प्रतिशत कायम हुने प्रक्षेपण गरिएको छ । नेपालले वस्तु आयात गर्ने सबैभन्दा ठूलो मुलुक भारतमा सन् २०२४ मा मूल्यवृद्धि घट्ने अनुमान गरिएका कारण नेपालमा पनि त्यसको सकारात्मक प्रभाव देखिने अनुमान एडिबीको छ । अर्थतन्त्र सुधारोन्मुख देखिए पनि चुनौती भने कायमै रहेको जनाइएको छ । आर्थिक वृद्धिदर बढिरहेको र मूल्यवृद्धि सन्तुलनमा रहेको देखिए पनि नेपालमा जोखिम भने अझै बाँकी रहेको एडिबीका प्रमुख अर्थशास्त्री जान हनसेनले उल्लेख गर्नुभयो ।

“मूल्य र बाह्य क्षेत्रमा केही स्थायित्व देखिए पनि वित्तीय चुनौती कायमै छन् । सन् २०२४ मा नेपालले आफ्नो कूल गार्हस्थ्य उत्पादनको दुई दशमलव चार प्रतिशत बराबर वित्त घाटा व्यहोर्ने अनुमान गरिएको छ । यदि नेपालले लक्ष्यअनुसार राजस्व उठाउन सकेन भने यो अझ बढ्नसक्नेछ”, उहाँले भन्नुभयो । स्थिर मूल्यवृद्धि र पर्याप्त वैदेशिक मुद्रा सञ्चितिका कारण अहिले मुख्यगरी बाह्य क्षेत्र सन्तुलन र समग्र अर्थतन्त्रमा पनि सुधारका सङ्केत देखिन थालेको छ । नेपाल राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिमार्फत सात प्रतिशतको नीतिगत दरलाई घटाएर साढे छ प्रतिशत बनाएको थियो । यसले ब्याजदर घटाउन सहयोग गर्ने र आर्थिक गतिविधिलाई चलायमान बनाउने देखिएको एडिबीले जनाएको छ । घरजग्गा, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रमा विस्तार हुनसके अर्थतन्त्र थप सुदृढ हुँदै जाने ठानिएको छ । यस वर्ष समयमा पानी पर्न नसकेका कारण पूर्वी तराईका जिल्लामा धान रोपाइँ ढिलो भएको थियो । यसले कृषि उत्पादन घट्न सक्नेतर्फ एडिबीले सङ्केत गरेको छ । त्यस्तै, पशु चौपायामा देखिएको लम्पी स्किन रोगका कारण पनि अर्थतन्त्रमा केही नकारात्मक प्रभाव देखिने पनि प्रतिवेदनमा उल्लेख छ । अहिले नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्र जोखिम घट्दै गएको एडिबीको भनाइ छ । आयातमा केही कडाइ गर्ने गरी राष्ट्र बैंकले मौद्रिक नीतिमा केही व्यवस्था गरेपछि विदेशी मुद्रा सञ्चिति बढेर बाह्य क्षेत्र सन्तुलनमा आएको थियो । स्थिर विप्रेषण आप्रवाह र चर्को आयातका बीच सरकारको चालु खाता घाटा सन् २०२४ मा जिडिपीको एक दशमलव आठ प्रतिशत बराबर पुग्ने अनुमान एडिबीको छ ।

एशिया प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर सन् २०२३ मा चार दशमलव सात प्रतिशत र सन् २०२४ मा चार दशमलव आठ प्रतिशत रहने अनुमान एडिबीको छ । त्यस्तै यो क्षेत्रको मुद्रास्फीति सन् २०२२ मा चार दशमलव चार प्रतिशत रहेकोमा सन् २०२३ मा तीन दशमलव छ प्रतिशत र सन् २०२४ मा तीन दशमलव पाँच प्रतिशत अनुमान गरिएको छ ।

आन्तरिक माग बढ्दै गएको, पर्यटन क्षेत्र लयमा फर्किन थालेकोलगायतका कारण एसिया र प्रशान्त क्षेत्रमा अर्थतन्त्रको अवस्था सुधारोन्मुख रहेको एडिबीले जनाएको छ । यद्यपि उच्च ब्याजदर र खाद्य सुरक्षाको चुनौती भने कायमै रहेको प्रतिवेदनमा उल्लेख छ ।

# नेपाल र युन्नानबीच मिडिया र पर्यटन विकासबारे गृहकार्य गरिने

**रासस**
काठमाडौं, ३ असोज

चिनियाँ कम्युनिष्ट पार्टी, युन्नान प्रान्त प्रचार विभाग प्रमुख चङ यानले नेपाल र युन्नान प्रान्तको विविध क्षेत्रको विकासका लागि दुवै देशका सञ्चारमाध्यमले मिलेर काम गर्ने बताउनुभएको छ ।

नौ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सोमबार यहाँ आइपुग्नुभएका चङले नेपाल चीन मिडिया फोरमद्वारा आज आयोजित स्वागत समारोहमा नेपाल र युन्नान प्रान्तको भूगोल, तापक्रम, बोट बिरुवा, जनावर आदिमा समानता पाइने जनाउँदै न्यू मिडिया आदिमार्फत नेपाल चीन दुवैको पर्यटन विकास गर्न गृहकार्य गरिने जानकारी दिनुभयो । उहाँले ससाना भिडियो, चलचित्र आदि बनाएर नेपाल र चीनको युन्नानलगायत क्षेत्रको इतिहास, संस्कृति र जनजीवनबारे प्रचारप्रसार गर्न पहिलो चरणमा मिडियाबाट काम गरिने बताउँदै प्रधानमन्त्री पुष्पकमल दाहाल‘प्रचण्ड’को नेपाली प्रतिनिधिमण्डल र नेपाली नागरिकलाई फलफूल, फूललगायत बोट बिरुवा, तरकारी, चिया उत्पादन आदिको राजधानी मानिएको युन्नानमा पनि भ्रमण गर्न आग्रह गर्नुभयो ।

युन्नान सूचना कार्यालयका नायब महानिर्देशकलाई योङले बिआरआइअन्तर्गत चीन र लाओसबीच रेलवे सेवा सञ्चालनमा आएको र यसबाट लाओसीहरूको जीवनस्तर एकदमै बढेको जनाउँदै आगामी दिनमा नेपाललगायत दक्षिण एसियाका पत्रकारलाई तालिम दिइने र भिडियो आदि बनाउन सहकार्य गरिने बताउनुभयो ।

चिनियाँ प्रतिनिधिमण्डललाई स्वागत गर्दै नेपाल चीन मिडिया फोरमका अध्यक्ष किशोर श्रेष्ठले बेल्ट एन्ड रोड इनिसियटिभ आरम्भ भएको १० वर्ष र चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको चौथो वर्ष प्रवेशका अवसरमा नेपाल र युन्नानका सरकारी पदाधिकारीलाई मिडिया क्षेत्रमा सहकार्य गर्न आग्रह गर्नुभयो ।

# संविधानको रक्षा र सफल प्रयोग मुख्य कार्य : अध्यक्ष ओली

**रासस**
काठमाडौं, ३ असोज

नेकपा (एमाले)ले संविधान दिवसको अवसरमा दीपावली गरेको छ ।

एमालेले नारायणचौरमा आयोजित कार्यक्रममा अध्यक्ष केपी शर्मा ओलीले रिमोट थिचेर दीपावली र पुष्प वर्षा गर्नुभयो ।

सो अवसरमा उहाँले लोकतन्त्रको दियो कहिल्यै निभ्न र झुक्न नदिने बताउनुभयो । “लोकतन्त्रको दियो ननिभ्ने गरी, कहिल्यै नझुक्ने गरी दीपावली गरेका छौँ । यस बगैँचालाई उज्यालो नेपालको प्रतीकको रूपमा विकास गर्न चाहन्छौँ”, उहाँले भन्नुभयो ।

उहाँले संविधानले जनतालाई सार्वभौमसत्ता र सबै अधिकार दिएको बताउनुभयो । राष्ट्रियता आकांक्षा पूरा गर्नका लागि संविधान बनाएको उहाँको भनाइ थियो । अध्यक्ष ओलीले संविधान कार्यान्वयनका क्रममा कमी कमजोरी देखिए तिनीहरूलाई उचित संशोधन गर्दै अगाडि बढ्न सकिने धारणा राख्नुभयो । उहाँले संविधानको रक्षा र सफल प्रयोग मुख्य कार्य रहेको भन्दै त्यसमा चुनौतीसमेत देखिएको बताउनुभयो । अहिले विभिन्न प्रकारका तत्वले प्रतिगमन, देश, जनता, शान्ति सुव्यवस्थालाई असर गर्ने कुरा देखिएकोले त्यसलाई नियन्त्रण गर्नुपर्ने धारणा राख्नुभयो ।

अध्यक्षओलीलेसंविधानको सफल कार्यान्वयनमार्फत समृद्ध नेपाल सुखी नेपाली बनाइने बताउनुभयो ।

एमालेका महासचिव शङ्कर पोखरेलले संविधानको सफल कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने भनाइ राख्नुभयो । बिहान सोही ठाउँमा एमालेले विशेष कार्यक्रम गरेको थियो । साँझ भएको दीपावलीमा एमालेका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो ।